मिति २०७६/१०/२३ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ६६/२०७६ का निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५०/२२७-२०७६/१०/२२ को "स्थानीय तहलाई सशर्त अनुदानको रुपमा रकम हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५१/२३३-२०७६/१०/२३ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयकको सिद्धान्त र मस्यौदा स्वीकृत गरी सो विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"मन्त्रिपरिषद्को आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने ।"

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/३१/२३१-२०७६/१०/२२ को "सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७६ तर्जुमा गर्न आवश्यक परेकाले सो को मस्यौदा तयार गरी सैद्धान्तिक सहमतिको प्रस्ताव स्वीकृति गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/३२/२३२-२०७६/१०/२२ को "सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ लाई स्वीकृति दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

५. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/३९/२२८-२०७६/१०/२२ को "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न मन्त्रिपरिषद्बाट स्वीकृती प्रदान गर्नुपर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४०/२२९-२०७६/१०/२२ को "प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न मन्त्रिपरिषद्बाट स्वीकृती प्रदान गर्नुपर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

७. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४१/२३०-२०७६/१०/२२ को "प्रतिभाको सम्मान र सहयोगका लागि आवश्यक पर्ने रकम रु. २५,००,०००।- (पच्चीस लाख) बजेट विनियोजनका लागि मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान गर्नुपर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"थप छलफलका लागि आगामि वैठकमा पेश गर्ने ।"

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४२/२३४-२०७६/१०/२३ को "प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गतका विभिन्न भौतिक संरचनाहरुको ड्रइङ, डिजाइन, परामर्श, अनुगमन मुल्याङ्कन तथा कामको गुणस्तरियताका लागि तपशिल बमोजिमको ११ जना सिभिल इन्जिनीयर अधिकृत सातौं र १८ जना सब-इ. सहायक पाँचौं सहित २९ जनाको अस्थायी/करार जनशक्ति/दरबन्दि तेरिज सुदूरपश्चिम प्रदेश सरकारबाट स्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भइसकेपछि स्वतः खारेज हुने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्बाट स्वीकृतिका लागि निर्णय गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढी कैलाली

९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२५/२१५-२०७६/९/१७, ५/२७/२२२-२०७६/१०/०३ , ५/२८/२२३-२०७६/१०/०३ र ५/२९/२२४-२०७६/१०/०३ उपर आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको मिति २०७६/१०/२२ को तेस्रो बैठकबाट प्रस्तावहरु साथ प्राप्त कार्यविधिहरुका सम्बन्धमा आवश्यक निर्णय हुन समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको प्रतिवेदन साथ प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकमा पेश हुन आएका निम्न बमोजिमका कार्यविधिहरु स्वीकृत गर्नेः-

<u>निम्न</u>

(क) कोल्ड स्टोर, कोल्ड च्याम्बर र राईपेनिङ्ग च्याम्बर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६

(ख) मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(ग) पशुपन्छी मोडेल फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(घ) सामुदायिक छाडा पशु कल्याण प्रवर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।